# १२

# प्रार्थनामय, चङ्गाई र पुनस्थापित जीवन

*<u>यस अध्यायका मूल पदहरू:</u>* याकूब ५:१३-२०, १ यूहन्ना ५:१४, १ कोरन्थी १५:५४, हिब्रू १२:१२,१३, यूहन्ना ८:४३-४५ र हितोपदेश १०:१२।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "तिमीहरुले पाप गरेका छौ भनेर एक आपसमा स्वीकार गर। एक आपसको निम्ति प्रार्थना गर जसले गर्दा तिमीहरू निको हुने सम्भावना हुन्छ। परमेश्वरको भक्तको प्रार्थना शक्तिशाली हुन्छ। भक्तहरूको प्रार्थनाले प्रभावकारीरूपमा काम सम्पन्न हुनसक्छ।" (याकूब ५:१६)।

अचम्म वा अलौकिक कामप्रति सबै मानिसको चासो हुन्छ। तर प्रायजसो चमत्कारिय कामप्रति कतिपय मानिसहरू केवल कौतुहल मात्र हुन्छ तर त्यो भन्दा गहिरोमा जान तिनीहरूको चासो हुँदैन। त्यसकारण जब मानिसहरूले येशूलाई अचम्मको काम गर्न अनुरोध गरे तब तिनीहरूले केवल मजाक वा रमाइलोको निम्ति चाहना प्रकट गरेका थिए (लूका २३:८,९) वा उहाँ उद्धारकर्ता मसीह हुनुहुन्छ भनेर प्रमाणित गरेर देखाउन अलौकिक चिन्ह माग गरेका थिए (मत्ती १२:३८-४१)। तर येशूले मानिसहरूको अभिलाषालाई पुरा गर्न तिनीहरूको अनुरोधलाई ठाडै अश्वीकार गर्नभएको थियो। पवित्र आत्माद्वारा विभिन्न अचम्मका कामहरू उहाँले गर्नुभएको थियो र साथै पवित्र आत्माद्वारा नै उहाँले मानिसहरूलाई सिकाउनुभएको थियो। तर पवित्र आत्मा मानिसको खतनमा चल्नु हुन्न। उहाँको शक्ति मानिसको भाऊ बढाउन प्रयोग गर्ने तत्व होइन। बरू हामीहरू उहाँको हातमा साधन हुनुपर्छ, हाम्रो हातमा उहाँलाई साधनको रूपमा प्रयोग गर्ने होइन। सबै रोगीहरूका रोगहरू निको पार्न परमेश्वर अत्यन्त इच्छुक हुनुहुन्छ। तर यस भौतिक संसारमा क्षणिक जीवनमा रोग पार्नुभन्दा अनन्त जीवनदेखि खेलबाद गर्ने आत्मिक रोगहरू निको पार्न वढि चासो राख्नुहुन्छ। मानिसको बाहिर रोग प्रायजसो मित्र मानसिक तथा आत्मिक रोगको कारणले हुनेभएकोले उहाँ हामीहरूको रोगको गहिऱ्याइ गएर निको पार्न चाहनुहुन्छ।

त्यसकारण उपरोक्त बिचारलाई मध्यनजरमा राखेर यस अध्यायमा हामीहरूको मनमा उब्जेका केही जरुरी जिज्ञासाहरूको बारेमा छलफल गर्नेछौं। बिरामीहरूको रोग निको पार्ने भन्ने याकूबको भनाईलाई हामीहरूले कसरी बुझ्ने? प्रार्थनाद्वारा कसैको रोग निको हुन्छ भनेर दाबी त गर्छौं तर प्रार्थनाको उत्तर पाउन के हामीहरूको दिमागमा क्षमा गर्ने परमेश्वरको गुण हुनु अपरिहार्य छ त? रोगीको रोग निको पार्न प्रार्थना गर्दा रोगी र प्रार्थना गर्ने व्यक्तिमा निर्मल हृदय किन हुनुपर्दछ? प्रार्थनाको निम्ति याकूबले एलियाको अनुकरणीय उदाहरण प्रस्तुत गरेका छन्। एलियाको समयमा प्रायजसो सम्पूर्ण इस्राएलीहरू सृष्टिकर्ता परमेश्वरप्रतिको आस्थाबाट चिप्लिएर सृष्टिका थोकहरूलाई पूजा गर्ने संस्कारमा लागेको थिए। उनको प्रार्थनामय जीवन र परमेश्वरतिर फर्केर सच्चा आराधनाको संस्कारमा फर्नन उनले इस्राएलीहरूलाई आह्वान गरेका थिए। एलियको जीवनबाट हामी के सिक्न सक्छौं?

## १ येशूभक्तको निम्ति अत्यन्त महत्त्वपूर्ण औजार (याकूब ५:१३)

**कष्ट भोग्ने र आनन्दित हुनेहरूमा दुई गुण वा स्वभावहरू हुनुपर्छ रे! ती के हुन् र त्यसलाई के हामीमा पनि हुनुपर्छ र? हेर्नुहोस् याकूब ५:१३ "के तिमीहरूमा कसैले कष्ट भोगिरहेछ? त्यसले प्रार्थना गरोस्। के कोही आनन्दित छ? त्यसले प्रशंसाको भजन गाओस्।"**

आनन्दित हुनु र कष्ट भोग्नु दुबै भिन्नाभिन्नै स्वभावहरू हुन् जसको बारेमा याकूबले सम्बोधन गरेका थिए। तर ती दुवै स्वभावलाई उनले प्रार्थना र प्रशंसासँग जोड्दछन्। दुःखकष्ट आपतमा प्रार्थना गर्नु र जब हँसिलो हुन्छौं तब परमेश्वरको स्तुती प्रशंसा गर्नु रे! व्यवहारिक जीवनमा प्रार्थना र प्रशंसा एक आपसमा बाँझिएको पाउँदैनौं। बाइबलमा धेरै जसो प्रशंसाका भजनहरूमा प्रार्थना पनि गाँसिएका थिए। त्यसैकारण आफ्नो पत्रलेखनको सुरूमा याकूबले लेख्दछन् "जब दुःखकष्टको फन्दामा पर्दछौ तब त्यो अवसरको रूपमा सोच वा शुद्ध आनन्दले भोरविभोर होस्।" (याकूब १:२,३ रूपान्तरित)। प्रार्थना गर्ने समयसँग स्तुतिप्रशंसा गर्ने समय अत्यन्त घनिष्ठ सम्बन्ध भएको कतिपयले ठानेका हुँदैनन्।

याकूब ५:१३मा प्रयोग गरेको दुःखकष्ट भन्ने शब्द परमेश्वरको अगमबक्ताहरूले पाएका कष्टलाई पनि प्रयोग गरिएको छ। त्यो शब्द दुवै शारीरिक र मानसिक कष्टलाई सम्बोधन गरिन्छ। त्यसको अर्थ कडा परिश्रम, पेल्ने, थकाउने र दवावी काम भन्ने पनि जनाउँछ। यहि शब्द २ तिमोथी २:९ र ४:५ पनि प्रयोग गरिएको छ। जतिसुकै कठिन अवस्थामा पनि कुनै काम गर्न नहट्ने येशूभक्तको स्वभावलाई वाख्या गर्न त्यो शब्द प्रयोग गरिएको छ। येशूलाई विश्वास गऱ्यो भन्दैमा सबै थोक ठिक हुन्छ भन्ने कर छैन, येशूभक्तलाई पनि दुःखकष्ट तथा सतावट आउँछ तर त्यसबेला तिनीहरूको मन वचन परमेश्वरतिर केन्द्रित हुन्छ। कठिन परिस्थितिको सामना गर्नुपर्दा प्रार्थना अत्यन्त मौलिक औजार हुन्छ। तर स्तुतिप्रशंसाका गीतहरू र आत्यात्मिक मनलाई उचाल्ने खालका सङ्गीतहरूले पनि दुःखित हृदयलाई मत्थर वा शान्त पार्न सक्छ।

“प्रशंसाका गीतहरू गाउनु पनि प्रार्थना जस्तै आराधना गर्नु हो। धेरै भजनहरू प्रार्थना हुन् भनेपनि हुन्छ।"-एलेन जी ह्वाइट, एजुकेशन, पृ. १६८बाट रूपान्तरित। कतिपय समयमा हामी उदास, खिन्न वा दिक्क हुन्छौं वा एकलो भएको महशूस गर्छौं, त्यसबेला हामीलाई मनपर्ने भजन दिमागमा खेल्न जाँदा हामीहरूको मनलाई जुरुक्क उचालेको हुन्छ। त्यसैगरि हामी रोगी बिमारी हुँदा वा कसैको हौसलाको आवश्यकता भएको महशूस गर्दा कसैले आएर प्रार्थना र गीत गाइदियो भने हामीहरूको मनलाई हँसिलो पार्दछ। “खुशी हुनेसँग खुशी होऊ र दुःखी हुनेसाग दुःखी होऊ।" रोमी १२:१५ रूपान्तरित। अरु कुनै थोक भन्दा अरूको दुःखसुखमा सहभागी हुँदा हामीहरूको मन पनि उचलिएको पाउँछौं।

हामीहरू सन्ताप वा दिक्क हुँदा कहीं जानुको सट्टा भजनसंग्रहको पुस्तकबाट पढ्नुपर्छ। त्यस पुस्तक प्रार्थना र भजनहरूको खजाना गृह हो। त्यसले हामीहरूको मनलाई उचाल्दछ, हामीहरूलाई प्रेरणा दिँछ र अत्यन्त उपयोगी सल्लाह पनि दिँछ।

**दुःखकष्टमा हामीहरूलाई परमेश्वरतिर खिँचेको र प्रार्थना गर्न धकेलेको हामी सबैलाई अनुभव भएकै कुरो हो। सबै कुरा ठिक ठिक भयो भने कस्तो खालको आत्मिक खतराहरू उत्पन्न के तपाईंलाई थाहा**

छ? त्यस्तो बखतमा परमेश्वरको प्रशंसा गर्नु किन महत्त्वपूर्ण ठान्नुभएको छ? स्तुतिप्रशंसाले हामीलाई के चिरस्मनीय कुराहरू सिकाउँछ?

## २. बिमारको निम्ति प्रार्थना (याकूब ५:१४,१५)

यस संसारमा येशूलाई विश्वास गर्नेहरू बिमार पनि हुन्छन् तर तिनीहरूलाई तेलले अभिषेक गरेर प्रार्थना गर्नुपर्छ भनेर याकूबले भन्दछन्। याकूब ५:१४-१६ हेर्नुहोस् र ती पदहरूमा के महत्त्वपूर्ण आत्मिक अर्थ पाइएको छ सो भेट्टाउनुहोस्? **"१४ के तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस्। तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून्, १५ र विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नुहुनेछ, र यदि त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ। १६ यसकारण तिमीहरू एउटाले अर्कासँग आफ्ना-आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर। धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ।"**

यदि चर्चको कुनै विश्वासी भाइबहिनी बिमार भयो भने चर्चको एल्डरलाई बोलाएर उसले बिमारीको शिरमा अभिषेक गरेर प्रार्थना गरिनुको अर्थ के हो त? त्यसको अर्थ बिरामीलाई परमेश्वरले हस्तक्षेप गरुन् र उहाँले निको पारुन् भनेर बिरामी वा चर्चले चाहना देखाएको हुन्छ (मर्कूस ६:१३)। पापको क्षमाको निम्ति प्रार्थना गर्नुको अर्थ यदि आत्मिक सुस्वास्थको निम्ति चाहना व्यक्त गरिएनभने शारीरिक चङ्गाई गर्न पनि परमेश्वरलाई कर छैन भनेर देखाउँछ। " प्रार्थनाद्वारा बिमारीको रोग निकोभएको मानिसहरूले चाहन्छ भने तिनीहरूले परमेश्वरको व्यवस्था चाहे प्राकृतिक होस् वा आत्मिक होस्ः तोडेको महशूस गर्नुपर्छ र त्यसो गर्नु पाप हो भनेर पनि स्वीकार्नुपर्छ। त्यसकारण यदि तिनीहरूले परमेश्वरबाट आशिष पाउन चाहन्छ भने एक आपसको पाप स्वीकार गर्नुपर्छ र त्यसलाई त्याग्न राजी हुनुपर्छ।"-एलेन जी ह्वाइट, *द मिनिस्त्री अभ हिलिङ्*, पृ. २२८बाट रूपान्तरित।

परमेश्वरको सहायता माग्दै चर्चका अगुवाहरूलाई बोलाएर प्रार्थना गर्नुको अर्थ कोही बिमार हुनुभनेको गम्भिर मामिला हो भनेर

थाहा पाउनु पर्छ। चर्चको नियमित भेलामा पनि बिमारीहरूको निम्ति प्रार्थना गर्नु जरुरी छ। माथिको पदहरूमा बिमार भन्ने शब्द प्रयोग गर्न ग्रीक भाषाको दुई शब्दहरू प्रयोग गरिएका छन्। पहिलो त आसथेनिओ-astheneo (पद १४) हो। यो शब्द विश्वासीहरूको लुगा सिलाइदिने डोरकासको बारेमा लेख्न प्रयोग गरिएको छ। त्यसमा भनिएको छ "डोरकास बिमार भइन् र मरिन्" (प्रेरित ९:३७)। अर्कोचाहिँ कामोस-kamos (पद १५) शब्द हो जुन् रोगी मानिसको बारेमा जनाउन प्रयोग गरिएको छ। मर्न लागेको गम्भिर रोगीहरूको बारेमा भन्न पनि यो शब्द प्रयोग गरिएको पाइन्छ। शारीरिक रूपमा क्लान्त वा थकित हुने वा खेर फाल्ने जीवन बिताइरहेका मानिसलाई वर्णन गर्न यो शब्द प्रयोग गरिन्छ। विश्वासको प्रार्थनाले अचम्म तरिकाले त्यस्तो रोगी निको पनि हुनसक्छ। चङ्गाइ हुने चाहना गर्ने मानिसले परमेश्वरको इच्छामा आफूलाई सुम्पिनु पर्दछ (१ यूहन्ना ५:१४)। त्यसको अर्थ बिमारी निको हुन पनि सक्छ नहुन पनि सक्छ। बिमारीको उद्धार र पुनर्जीवन पाउनुको अर्थ पूरा निको हुनु हो। "हामीहरूको शरीर अहिले कमजोर छ र त्यो मर्न सक्छ। तर उहाँको आगमनमा ती शरीरहरूको रूप परिवर्तन हुनेछ र कहिलै नाश नहुने शरीरहरूमा परिवर्तन हुनेछ।" (१ कोरन्थी १५:५४ रूपान्तरित)।

**बिमारीहरूलाई अभिषेक गरेर प्रार्थना गरेको हामी धेरै जसोलाई थाहा छ। कतिपय समयमा अभिषेक गरेर प्रार्थना गरेतापनि बिमारी निको नभएको वा मृत्यु भएको पनि हामीलाई थाहा छ। त्यस्तो परिस्थितिमा येशूको आगमनमा हुने पुनरुत्थान मात्र हाम्रो उत्तम आशा हो भनेर कसरी यकिन हुने?**

## ३. आत्मिक चङ्गाइ (मर्कूस २:१-१२)

शारीरिक चङ्गाइ त महत्त्वपूर्ण छ नै तर त्यो भन्दा अझ बढि अत्यन्त जरुरी चङ्गाइचाहिँ आत्मा वा मनको चङ्गाइ हो। पाप गर्न मनपराउने आरोग्य मानिसहरू बनाउने हामीहरूको लक्ष्य होइन। तर क्षणिक जीवनको निम्ति स्वस्थ बनाउने मात्र हामीहरूको लक्ष्य नभएर मानिसहरूलाई येशूमा पाइने अनन्त जीवनतिर ध्यान केन्द्रित गराउने

लक्ष्य बोकेर हामी चल्नु पर्छ। त्यसैकारण बिरामी निको हुने मामिलामा यस अध्यायको स्मरण गर्नपर्ने याकूब ५:१६ले स्पष्ट रूपमा किटान गरेको छ। जुन शब्द निको हुन त्यस पदमा प्रयोग गरिएको छ त्यो केवल शारीरिक निकोमात्र होइन। याकूबले पाप र रोगको बीचमा भएको सम्बन्धलाई उघारेका छन्। हामीहरूको सबै समस्याहरूको जड नै पाप हो। हुन त हामीमा हुने सबै बिमार हामीहरूले गरेका पापको उपज हो भन्न मिल्दैन। तर हामी पापी भएकै कारणले रोग र मृत्युको परिणाम भोग्नु परेको सबैलाई थाहा छ।

**मर्कूस २:१-१२सँग हिब्रू १२:१२,१३ र १ पत्रुस २:२४,२५ तुलना गरेर कस्तो खालको चङ्गाइ ती पदहरूले उल्लेख गरेका छन् र त्यस चङ्गाइको आधार के हो सो सोच्नुहोस्। मर्कूस २:१-१२ "केही दिनपछि उहाँ कफर्नहुम फर्कनुभयो, अनि मानिसहरूले उहाँ घरमा हुनुहुन्छ भन्ने सुने।**

**२ अनि यति धेरै मानिसहरू जम्मा भए कि तिनीहरू त्यहाँ अटाएनन्, यहाँसम्म कि ढोकाको बाहिर पनि ठाउँ भएन, र उहाँले तिनीहरूलाई परमेश्वरको वचन प्रचार गर्दैहुनुहुन्थ्यो। ३ अनि चार जनाले बोकेको एक जना पक्षाघातीलाई लिएर मानिसहरू उहाँकहाँ आए। ४ भीड़को कारणले येशूको नजिक त्यस मानिसलाई पुर्‍याउन नसक्दा तिनीहरूले उहाँ हुनुभएको ठाउँको माथिको छाना खोले, र उघारिएको ठाउँबाट पक्षाघातीलाई त्यो सुतेको खाटसमेत तल ओह्रालिदिए। ५ येशूले तिनीहरूको विश्वास देखेर त्यस पक्षाघातीलाई भन्नुभयो, "ए छोरा, तिम्रा पापहरू क्षमा भए।" ६ तर त्यहाँ केही शास्त्रीहरू बसिरहेका थिए, र आफ्ना मनमा यसो भनेर विचार गरिरहेका थिए, ७ "यस मानिसले किन यसरी बोल्दछ? यो त ईश्वर-निन्दा हो। केवल एक, अर्थात् परमेश्वरले बाहेक अरू कसले पाप क्षमा गर्न सक्छ?" ८ अनि तिनीहरू आपसमा यसरी विचार गर्दैछन् भन्ने येशूले तुरुन्तै आफ्नो आत्मामा थाहा पाएर तिनीहरूलाई भन्नुभयो, "किन तिमीहरू आफ्ना मनमा यस्तो विचार गर्दैछौ? ९ पक्षाघातीलाई 'तिम्रा पापहरू क्षमा भए' भन्नु, कि 'उठ, तिम्रो खाट उठाएर हिंड़' भन्नु, कुनचाहिँ सजिलो छ? १० तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले जान।" तब उहाँले त्यस पक्षाघातीलाई भन्नुभयो, ११ "म तिमीलाई भन्दछु, उठ, तिम्रो**

खाट उठाऊ, र घर जाऊ।" १२ त्यो उठ्यो, र तुरुन्तै खाट उठाएर सबैका सामुन्नेबाट गइहाल्यो। यहाँसम्म कि, सबै जना आश्चर्य-चकित भए, र "हामीले यस्तो त कहिल्यै देखेका छैनौं" भन्दै तिनीहरूले परमेश्वरको महिमा गरे।" हिब्रू १२:१२,१३ "यसकारण लत्रेका हातहरू उठाओ, र दुर्बल घुँड़ाहरू बलिया बनाओ। १३ तिमीहरू हिंड्ने बाटो सोझो बनाओ, ताकि लङ्गड़ो गोडा नखुस्कोस्, तर निको होस्।" र १ पत्रुस २:२४,२५ "हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ। २५ किनभने तिमीहरू भेड़ाहरूझैं बरालिरहेका थियौ, तर अब तिमीहरूका आत्माको गोठाला र संरक्षककहाँ फर्किआएका छौ।"

येशूमाथिको विश्वास तथा आस्थाले मानिसको आत्मिक कमजोरी र पापबाट स्वस्थ बनाउँछ। यथार्थमा भन्ने हो भने येशूले गर्नुभएको प्रत्येक अलौकिक चङ्गाइको काम हाम्रो निम्ति अर्तीकथा भएर खडा भएको हुनुपर्छ। त्यसले हामीलाई आवश्यक भएको मुक्तिको खाँचोको गहिऱ्याइमा पुराउँछ। मर्कूस २मा उल्लेखित पक्षाघात भएको मानिसको मामिलामा आत्मिक तथा मानसिक चङ्गाइ उसको निम्ति अत्यन्त ठूलो खाँचो भएको येशूले थाहा पाउनुभएको थियो। त्यसैकारण येशूले झट्टै उसलाई उसको पाप क्षमा भयो भनेर सम्बोधन गर्नुभयो। "शारीरिक चङ्गाइ भन्दा मानसिक वा आत्मिक चङ्गाइ त्यस पक्षाघात भएको मानिसको ठूलो चाहना थियो। यदि उसले येशूलाई भेटेर आफ्नो पाप क्षमा भएको वचन र स्वर्गबाट शान्तिको सन्देश आफूले पाएमा परमेश्वरको इच्छा बमोजिम मर्न वा बाँच्न ऊ तयार थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. २६७बाट रूपान्तरित। आजका परमेश्वरका निको पार्ने अभिभारा बोकेका जनहरूले रोगलाई निको पार्न उपलब्ध भएका सबै उपचार माध्यमहरूलाई प्रयोग गर्नुपर्छ। तर मानिसको जीवनको सम्पूर्ण पक्षहरूलाई निको पार्न पनि तिनीहरूले प्रयास गर्नुपर्छ। यस भौतिक संसारलाईमात्र मध्यनजरमा राखेर होइन तर अनन्तलाई दृष्टिगत गरेर मानिसको आत्मिक, शारीरिक र मानसिक स्वास्थ्यलाई ख्याल गरेर चङ्गाइको काम सम्पन्न गर्नुपर्छ।

निको हुनु भन्ने कुरा गर्दा केवल शारीरिक रोगलाई मात्र सम्बोधन गर्ने होइन तर एक आपसको सम्बन्धमा सुमधुर सम्बन्ध ल्याउन पनि प्रयास गर्नुपर्छ। त्यसैकारण एक आपसमा भएका पाप वा मनमुतावहरू एक आपसमा स्वीकार गर भनेर याकूबले भन्दछन् (याकूब ५:१६ रूपान्तरित)। यदि कसैप्रति हामीले अन्याय गरेका छौं वा गलत गरेका छौं भने हामीहरूले त्यस व्यक्तिको सामु हामीहरूको गल्तीलाई स्वीकार गर्नुपर्छ (मत्ती १८:१५,२१,२२)। कसैको मानहानी हामीले गरेकाछौं, बेइज्जत गरेका छौं, चरित्र हत्या गरेकाछौं भने हामीहरूले भुलहरूलाई स्वीकार गर्दै बिग्रिएको सम्बन्धलाई जोड्न प्रयास गर्नुपर्छ। जब अरूसँगको सम्बन्धमा हामी मधुरता ल्याउँछौं तब परमेश्वरको आशिषको प्रत्याभूति हामीले पाउन सक्छौं। किनकि अरूको सामु आफ्नो गल्तीहरूलाई स्वीकार गर्ने भनेको आफ्नो अहँता वा स्वार्थलाई त्याग्नु हो। यदि आफ्नोमात्र भाऊ खोज्ने “म" भन्ने तत्वलाई बलिदान चढाउन सक्यौं भनेमात्र हाम्रो समस्त जीवनमा ख्रीष्टले राज गर्न सक्नुहुनेछ।

## ४. प्रार्थनाका आदर्श नमूनाहरू (याकूब ५:१७,१८)

**बाइबलमा धेरै पात्रहरू छन् जसलाई प्रार्थनाका लौहव्यक्तिहरू भन्न सक्छौं। तिनीहरूमा एलिया एक उल्लेखनीय उदाहरण हुन्। याकूब ५:१७,१८मा उनलाई उल्लेख गरेर चङ्गाइको कामसँग, क्षमा दिने कामसँग र पुनर्जीवन पाउने कामसँग कसरी गाँसिदिएको छ हेर्नुहोस्, “एलिया पनि त हामीहरूको जस्तै स्वभाव भएका मानिस थिए। तिनले पानी नपरोस् भनेर भक्तिसाथ प्रार्थना गरेका थिए, र तीन वर्ष छ महिनासम्म पृथ्वीमा पानी परेन।**

**१८ तिनले फेरि प्रार्थना गरे, र आकाशबाट वर्षा भयो, र भूमिले उब्जनी दियो।"**

याकूब ५:१६ पदको अन्तमा धार्मिक अर्थात् इश्वरीय स्वभाव भएको मानिसको प्रार्थना शक्तिशाली हुन्छ र प्रभावकारी हुन्छ भनेर उल्लेख गरेका छन्। एलिया धर्मात्मा व्यक्ति थिए। परमेश्वरसँगको सम्बन्धमा यस्तो गाढा गरेर उनी हिंडेका थिए कि उनलाई मृत्युको स्वादै नचखाइकन परमेश्वरले स्वर्गमा लग्नुभएको थियो। तर उनी

पौराणिक अर्थात् दन्त्यकथाहरूमा उल्लेख गरेका महाबीर अर्थात् सुपरम्यान् चरित्रहरू जस्तो थिएन। हामीहरूमा भएका स्वभावहरू उनीमा पनि थिए अर्थात् उनी हामी जस्तै थिए। तैपनि उनको प्रार्थनालाई परमेश्वरले सुन्नुभयो भनेर हामीलाई थाहा हुँदा उहाँले हामीहरूको प्रार्थना पनि सुन्नहुनेछ भनेर हामी यकिन हुनुपर्छ। आपद परेको बेलामा प्रार्थना गर्न हामी कहिलै पनि हिच्किचाउनुहुन्न। व्यवस्था ११:१३-१७लाई मध्य नजर राखेर नै याकूबले याकूब ५:१८मा एलियाको बारेमा हामीलाई जानकारी दिएका थिए। त्यस व्यवस्थाको पुस्तकमा यसरी लेखिएको छ "१३ यसकारण मैले तिमीहरूलाई आज दिएका आज्ञाहरू विश्वासयोग्यतापूर्वक मानेर परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्‍यौ भने र आफ्नो सारा हृदय र प्राणले उहाँको सेवा गर्‍यौ भने, १४ म ऋतुअनुसार शरद् र बसन्तका वर्षाहरू दिनेछु, ताकि तिमीहरूका अन्न, नयाँ दाखमद्य र तेल बटुल्न सक। १५ म तिमीहरूका गाईबस्तुका लागि पनि खर्कमा घाँस दिनेछु, र तिमीहरू खाएर सन्तुष्ट हुनेछौ। १६ यसैले होशियार रहो, नत्रता तिमीहरू तर्केर अरू देवताहरूको सेवा र पूजा गरौला, १७ अनि परमप्रभुको क्रोध तिमीहरूका विरुद्धमा दन्कनेछ, र वर्षा नहोस् र जमिनले आफ्नो उब्जनी नदिओस् भनी उहाँले आकाशको झरी नै बन्द गरिदिनुहुनेछ, र परमप्रभुले तिमीहरूलाई दिने त्यो असल देशदेखि तिमीहरू छिट्टै नष्ट भइहाल्नेछौ।"

बाहिर देशबाट भित्राइएका मुर्तीपूजाका पुजाहारी र धामीहरूको फन्दामा परेर इस्राएलीहरूले बेल देवता जस्तोलाई पूजा गर्दथे। बेल देवता हुरी बतास र मेघ गर्जनका देवता हुन् भनेर पूजा गरिन्थ्यो। एकलो अगमवक्ताको रूपमा खडा भएका एलियाले एक दिन ती बेल देवताका पुजारी र धामीहरूलाई स्वर्गबाट आगो पठाएर बलीलाई नष्ट गर भनेर चुनौती दिएका थिए। एउटा पहाडको चुचुरोमा राजासमेत सबै जनताहरुलाई एकत्रित पारेर हुरीबतास र मेघको देवताका पुजारीहरूलाई चुनौती दिएका थिए। तिनीहरूले बलीलाई बेदीमा राखेर दिनभर पुजा गरेर, धामी जगाए, आकासबाट आगो वा बिजुली चम्काएर आफ्नो बलीलाई नष्ट गर भनेर उफ्रिउफ्रि चिच्याएर देवतासँग माग गरे। यतिमात्र होइन तिनीहरूले चक्कुले आफूले आफूहरूलाई पनि काटे। तर मेघ पनि वर्षेन न त आगो नै आए। तर जब एलियाको

पालो आयो उनले प्रार्थना गर्नेबित्तिकै आकाशबाट आगो वर्षेर उनको बली नष्ट भयो। एलियाले माथि उल्लेख गरेका व्यवस्थाका पुस्तकमा लेखिएका परमेश्वरको वचनलाई होशियारपूर्वक अध्ययन गरेर नै आफ्नो चर्तिकला देखाएका थिए। त्यसै गरि अगमवक्ता दानियलले पनि अगमबक्ता यर्मियाको भविष्यवाणीलाई अध्ययन गरेर नै यरुशलेमको निम्ति प्रार्थना गरेका थिए (दानियल ९:२,३)। यदि हामीले परमेश्वरको वचन ध्यानपूर्वक पढ्यौं भने हामीहरूको प्रार्थना पनि राम्रोसँग कार्यान्वन हुनसक्छ। त्यस मामिलामा यस पुस्तकले हामीलाई बुझ्न सहयोग मात्र होइन हामीहरूको स्थिति वा स्वभावलाई स्पष्ट रूपमा बुझाउन तेवा मिल्नेछ भनेर यस पुस्तकको लेखकको चाहना छ।

एलियाले एक फेरा राजाको सामु साढे तिनवर्ष पानी पर्दैन भनेर श्राप दिएका थिए। मूर्तीपूजकहरूको बहकाउमा लागेर राजा समेत सारा जनताहरू परमेश्वरको उपासना गर्न छोडेर आफ्नै हातले बनाएका नक्कली देवताहरूलाई पूजा गरेका थिए। तिनीहरूदेखि परमेश्वर नाराज भएर एलिया मार्फत् राजालाई श्राप दिएका थिए। साढे तिन वर्ष (येशूले पनि त्यसबारेमा उदृध गर्नुभएको थियो लूका ४:२५) समय बाइबलमा महत्त्वपूर्ण मानिसन्छ। दानियल भविष्यवक्ताले दानियल ९:२७मा त्यही समय अवधी तोकेर येशूको सेवाकार्य र मृत्युको बारेमा भविष्यवाणी गरेका थिए। त्यही समय अवधीमा परमेश्वरका विश्वासीहरू उहाँबाट तर्केर जानेछ भनेर पनि उल्लेख गरेको छ (दानियल ७:२५ र प्रकाश १२:१४)। एलियाले भविष्यवाणी गरेको अनिकालको साढे तिनवर्षको अन्तमा परमेश्वरतिर इस्राएलीहरूलाई आफूतिर तिनीहरूको मन फर्काउन उहाँले एलियालाई प्रयोग गर्नुभएको थियो। मानिसहरू पापमा कतिको गहिरो गरेर फसेको हुन्छ भनेर परमेश्वरले देखाउन चाहनुभएको थियो। बप्तिस्मा दिने यूहन्नाले पनि एलियाले जस्तै प्रथम् शताब्दीमा इस्राएलीहरूलाई पुनर्जागरण गर्न चाहेका थिए। येशूको प्रथम् आगमनको निम्ति यूहन्नाले बाटो तयार पारेका थिए। आज उहाँका अन्तिम अर्थात् अवशेष चर्चलाई पनि उहाँको दोस्रो महिमित आगमनको निम्ति बाटो तयार पार्ने जिम्मा उहाँले सुम्पनु भएको छ।

सारा चर्च मिलेर पुनर्जीवनको निम्ति हामी सबैले अथक प्रयास गरिरहेका छौं। तर यो कार्य हामीहरूको व्यक्ति जीवन, हामीबाटै सुरू गर्नुपर्छ। दिनदिनै हामी परमेश्वरको साथमा हिँडेका छौं भनेर आभास पाउनुपर्छ। भविष्यमा तपाईंको जीवनलाई असर पार्न अहिले नै तपाईंले कस्ता कस्ता खालका निर्णयहरू गरिरहनुभएको छ, सोच्नुहोस्।

## ५ पुनर्स्थापना र क्षमाशीलता (याकूब ५:१९,२०)

इस्राएलीहरू र आफ्नो बीचको सम्बन्धलाई नविकरण गर्न परमेश्वरले एलियाद्वारा आफ्नो आत्मालाई परिचालन गर्नुभएको थियो। कार्मेलको पहाडमा बेल देवताका पूजारी तथा धामीहरूसँग एलियाले चुनौती दिएर सच्चा परमेश्वर को हो भनेर अलौकिक ढङ्गले प्रमाणित गरेको प्रख्यात घट्ना केवल उनको कामको अन्त्य नभएर सुरुमात्र भएको थियो। इस्राएलीहरूलाई परमेश्वरसँगको सम्बन्ध नविकरण गर्ने काम बढ्नु आवश्यक थियो। त्यसकारण घर घरमा, शहर शहर वा गाउँ गाउँमा गएर मानिसहरूलाई परमेश्वरतिर फर्क भन्ने सन्देश लिएर उनले मानिसहरूलाई जागृत गराएका थिए। त्यतिमात्र नभएर उनले भविष्यका अगुवाहरू वा अगमवक्ताहरूको उत्पादन गर्न आध्यात्मिक पाठशालाहरू पनि स्थापना गरेका थिए।

एलियाको काम बप्तिस्मा दिने यूहन्ना तथा प्रथम् शताव्दीमा येशूका चेलाहरूले सम्पन्न गरेका थिए। एलियाले के काम गरे भनेर याकूब ५:१९,२० गरेको वर्णन साथै यूहन्ना र चेलाहरूले गरेको कामलाई पढ्नुहोस्: “मेरा भाइ हो, यदि तिमीहरूमध्ये कोही सत्यबाट बरालिएर जाँदा कसैले त्यसलाई फिराएर ल्यायो भने, २० त्यसले जानोस् कि जसले एक जना पापीलाई त्यसको कुमार्गबाट फर्काएर ल्याउँछ, त्यसलाई मृत्युबाट बचाउनेछ, र असंख्य पापलाई ढाक्नेछ। २० त्यसले जानोस् कि जसले एक जना पापीलाई त्यसको कुमार्गबाट फर्काएर ल्याउँछ, त्यसलाई मृत्युबाट बचाउनेछ, र असंख्य पापलाई ढाक्नेछ।", बप्तिस्मा दिने यूहन्नाको जन्मको भविष्यवाणीको उल्लेख गर्दै लूका १:११-१७ "परमप्रभुका एक जना स्वर्गदूत धूप-वेदीको दाहिनेपट्टि उभिरहेका देखा परे। १२ जकरिया तिनलाई देखेर आत्तिए, र भयभीत भए।१३ तर दूतले तिनलाई भने, “नडराऊ जकरिया, किनभने तिम्रो प्रार्थनाको सुनाइ भएको छ। अब तिम्री पत्नी एलीशिबाले तिम्रो निम्ति

एउटा छोरो जन्माउनेछिन्, र तिमीले तिनको नाउँ यूहन्ना राख्नू। १४ तिमीलाई रमाहट र आनन्द हुनेछ, र धेरै जना तिनको जन्ममा रमाउनेछन्। १५ किनभने तिनी परमप्रभुको सामुन्ने महान् हुनेछन्। तिनले दाखमद्य र अरू कुनै पनि मद्य कहिल्यै पिउनेछैनन्, र आफ्नी आमाको गर्भदेखि नै तिनी पवित्र आत्माले भरिपूर्ण हुनेछन्। १६ तिनले इस्राएलका सन्तानहरूमा धेरैलाई तिनीहरूका परमप्रभु परमेश्वरतिर फर्काउनेछन्।१७ बाबुहरूका मन छोरा-छोरीहरूतिर र अनाज्ञाकारीहरूलाई धर्मीहरूको बुद्धितिर फर्काउन र प्रभुको निम्ति योग्य तुल्याइएको एक जाति तयार पार्न उहाँको अगि तिनी एलियाको आत्मा र शक्तिमा जानेछन्।" र मन्दिरको सार्बजनिक स्थलमा पत्रुसले यहूदीहरूलाई यसरी सम्बोधन गर्दछन्: "यसकारण पश्चात्ताप गर्नुहोस् र फर्कनुहोस्, कि तपाईंहरूका पाप मेटिऊन्, र परमप्रभुको उपस्थितिबाट आनन्दको समय आओस्।" प्रेरित ३:१९।

धैर्यता, कोमलपना र नम्रता अपनाएर एलियाले वर्षौं वर्ष काम गरेको कुरालाई हामी प्रायजसो बिर्सिन्छौं। इस्राएलीहरूलाई सत्यतिर फर्काउन यूहन्नाले पनि आफ्नो ध्यान केन्द्रित गरेका थिए। व्यक्ति बप्तिस्माको माध्यमबाट आफू परमेश्वरतिर फर्केको छ भनेर प्रमाणित गर्न सिकाउँदै उनले एक एक जनालाई प्रेरित गरेका थिए। येशूले पनि आफ्नो कामलाई अघि बढाउन त्यस्तै उपाय अपनाउनुभएको थियो। येशूले मानिसहरूलाई गलत काम गर्नबाट फर्काएर सत्यतिर दोऱ्याउनुभएको थियो (यूहन्ना ८:४३-४५)।

बप्तिस्मा लिएर येशूलाई विश्वास गर्दै चर्चमा गएर आफू इसाई हुँ भनेर केही समय देखाएतापनि त्यो मानिस विश्वासबाट पछि हट्न सक्छ भनेर याकूब ५:१९,२०ले स्पष्ट पार्दछ। सङ्गतीमा नआएर सत्यबाट फर्केर जानु भनेको आफूले पाएका बाइबलका आत्मज्ञानहरूलाई आफ्नो दिमागबाट चिप्लन दिनु हो। त्यतिमात्र नभएर एक फेरा परिवर्तन भएको जीवन पद्धतिलाई फेरि पुरानै वा त्यो भन्दा नराम्रो आचरण अपनाउनु पनि सत्यबाट फर्कनु हो। प्रायजसो बाइबलको वचनलाई वेवास्ता गर्न थालियो भने आफ्नो जीवन शैलीलाई पनि खस्काउन हिचकिचाउँदैन। विभिन्न तर्क वा बहाना बनाएर हामी बाइबलप्रति शङ्का उब्जाउन सक्छौं। अनि हामी दोमन हुँदै आत्मिक जीवनमा अलमलिँदै जान्छौं। अनि अन्तमा आफ्नो विश्वासलाई पूरै

त्याग गर्न निधो गर्छौं। चर्च आउन छोडेका वा विश्वास गर्न छोडेका पहिलाका भक्तहरूलाई फर्कायौं भने तिनीहरूलाई मृत्युबाट छुट्कार दिन सकिन्छ भन्दै याकूबले एलिया जस्तै काम गर्न उनका विश्वासी भाइबहिनीहरूलाई आह्वान गर्दछन्।

तर त्यसको काम गर्न धैरै धिरज, सदाशय, दया, सहनशीलता, कोमलता, नम्रता र सहिष्णुता चाहिन्छ। यसै सन्दर्भमा पावलले आफ्नो कुरा यसरी व्यक्त गर्दछन् "भाइ बहिनीहरू हो, यदि कोही पाप गर्दा गर्दै पक्रियो भने के गर्ने त? तिमीहरू जो परमेश्वरको आत्माले दोऱ्याइएका छौ त्यस व्यक्तिलाई सच्याउन खोज्नुपर्छ। तर कोमल र सदाशय हृदयले त्यो सम्झाउने काम गर्नु। यसमा होशियारी अपनाउनु। किनभने ऊ जस्तै तिमी पनि त पापमा पर्न सक्छौ।" (गलाती ६:१)। एलियाको काम परमेश्वरका मानिसहरूलाई उहाँतर्फ फर्काउनु हो, तिनीहरूलाई निराश पारेर फर्काउनु होइन। कतिपटक पाप वा गलत काम गर्ने मानिस आफू के गरेको भनेर बुझपचाउ गरेर बसेको हुन्छ। त्यस्तो मानिसलाई सम्झाउन आवश्यक पनि हुँदैन। तर येशूको जीवन र मृत्युद्वारा जुन सदाशयता र क्षमाशीलता उहाँले अपनाउनुभएको थियो त्यही खालको गुण हामीमा पनि धैरै हुनु आवश्यक छ। पापलाई ढाक्न दिएर मानिसहरूलाई मृत्युबाट बचाउन सम्भव छ। तर त्यसको निम्ति हामी आफै पनि सुसमाचारलाई हाम्रो जीवनमा परिचालन गर्न दिनुपर्छ र हामी दया र शदाशयताको औजार हुनुपर्छ। (यसलाई राजा सोलोमनले हितोपदेशमा यसरी व्यक्त गर्दछन् "घृणाले कलह उत्पन्न गराउँछ, तर प्रेमले सबै कुकर्महरू ढाकिदिन्छ।"

**तपाईंको चर्चमा कसैले पाप वा गलत काम गरेको छ भने त्यसको बारेमा सोच्नुहोस्। तपाईंले कस्तो खालको शहिष्णुता र सदाशयता अपनाएर उसँग कुरा गर्नुहुन्छ जसले गर्दा उनी परमेश्वरतर्फ फर्कुन्।**

**उपसंहार:** "मानवप्राणीलाई मुक्तिको बाटो पहिल्याउन दिन ख्रीष्टले हामीसँग एक हुन आह्वान गर्नुहुन्छ। "तिमीहरूले कुनै मोल नतिरिर पाएका छौ, त्यसरी नै तिमीहरूले अरूलाई सित्तैंमा उपलब्ध गराउ" भनेर उहाँ भन्नुहुन्छ (मत्ती १०:८)। सारा दुष्ट कामहरू भन्दा पाप अत्यन्त जघन्य अपराध हो। पापीहरूलाई दया, सदाशयता देखाउनु

सहायता गर्नु हामीहरूको धर्म हो। आफूले गल्ती गरेका छु भनेर आफ्नो मूर्खताप्रति विस्मात गरेर बस्नेहरू धेरै छन्। त्यस्ता मानिसहरू हौसला तथा मनलाई उचाल्ने खालका वचनहरू सुन्न अत्यन्त भोको हुन्छन्। ती मानिसहरूले आफ्ना भुलहरू र गलत कामहरूलाई सोचिरन्छन् अनि आफू निरीह भएको महशूस गर्छन। त्यसता खालका मानिसहरूलाई हामीले वेवास्ता गर्नुहुन्न।"

"चोत लागेका र घाइते भएका प्राणहरूलाई विश्वास र साहसका वचनहरू सुनाएर निको पार्ने औषधीको जस्तो काम गर्न देऊ।"एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ५०४बाट रूपान्तरित।

**चिनतनमनन:**

**अ.** तपाईंले आफ्नो जीवनमा सोच्नुहोस् जब तपाईंले कतिको ठूलो भुल गर्नुभएको थियो। तपाईंको पापले गर्दा तपाईंलाई पनि चोट पुऱ्याउनुभयो र साथै परमेश्वर  र तपाईंका प्रियजनहरूलाई पनि। तपाईंलाई दोषारोपण गर्दै आलोचना नगर्ने तर ढाढस दिएर तपाईंको मनलाई उचाल्नेहरूले गर्दा तपाईंको भत्केको मनलाई पुनर्जीवन पाउनुभएको कहिलै महशूस गर्नुभएको छ? त्यस्ता खालका अनुभवहरूान तपाईंलाई कुन् उल्लेखनीय कुराको याद आउँछ? त्यस किसिमको यादले तपाईं जस्तै गलत वा पाप काम गरेर मनलाई दवाएर दिक्क भएर बसेकाहरूलाई हौशला दिन कसरी सहयोग हुन सक्छ?

**आ.** याकूब ५:१६ फेरि प्रार्थनापूर्वक र ध्यान दिएर पढ्नुहोस्। हामी सबैको निम्ति कस्तो खालका आत्मिक पाठहरू त्यसमा समावेश भएको पाउँछौं? प्रार्थनाको प्रभावकारिता र हामीहरूको आत्मिक जीवनमा त्यो किन महत्त्वपूर्ण छ भनेर त्यस पदले कसरी देखाउँछ? हो, प्रार्थना अत्यन्त व्यक्तिगत मामिला हुनसक्छ र हुनु पनि पर्दछ। तर आफ्नो मित्रहरूसँग प्रार्थनाको बारेमा छलफल गर्नुहोस् र तपाईंको जीवनमा प्रार्थनाहरूको जवाफ कसरी पाउनुभएको भएको छ सो बाँड्नुहोस्। अन्तमा धार्मिक तथा परमेश्वरमा शुद्ध मन अपनाएर गरेको प्रार्थना कस्तो उपयोगी हुनसक्छ सो सोच्नुहोस्।